नेपाल राष्ट्र बैंक समाचार

वर्ष ४७ | अङ्क ३ | मङ्सिर २०७९ | नोभेम्बर-डिसेम्बर २०२२

# Financial Literacy Framework, 2022 सार्वजनिक




नेपाल राष्ट्र बैंकले 'Financial Literacy Framework, 2022' सार्वजनिक गरेको छ। कात्तिक ४ गते काठमाडौंमा आयोजित कार्यक्रममा गभर्नर महाप्रसाद अधिकारीले 'Financial Literacy Framework, 2022' सार्वजनिक गर्नुभएको हो।

Financial Literacy Framework, 2020 मा थप परिमार्जन र परिस्कृत गरी उक्त प्रारूप तयार गरिएको हो। यसमा डिजिटल वित्तीय साक्षरता, ग्राहक संरक्षण, बैंक वित्तीय संस्था र भुक्तानी प्रदायकका जिम्मेवारी तथा दायित्वलाई समेटिएको छ।

कार्यक्रममा गभर्नर अधिकारीले वित्तीय साक्षरताको महत्वबारे चर्चा गर्दै सबै क्षेत्र र तप्काका नागरिकलाई वित्तीय साक्षरता अपरिहार्य रहेको आवश्यकता औंल्याउनुभयो। कार्यक्रममा लघुवित्त सुपरिवेक्षण विभागका निर्देशक सृजना बास्तोलाले प्रारूपका प्रमुख विषयवस्तुलाई समेटेर कार्यपत्र प्रस्तुत गर्नुभयो।

कार्यक्रममा डेपुटी गभर्नर डा. निलम ढुङ्गाना तिम्सिनासहित विभिनन विभागका कार्यकारी निर्देशक, निर्देशक, बैंक वित्तीय संस्था, भुक्तानी प्रदायक र गैरसरकारी संस्थाका प्रतिनिधिको सहभागिता थियो। सो अवसरमा गभर्नरको कार्यालयका कार्यकारी निर्देशक डा. नेफिल माताङ्गि मास्के स्वागत मन्तव्य र निर्देशक अजित रेग्मीले समापन मन्तव्य राख्नुभयो। कार्यालयका सहायक निर्देशक सृजना क्षेत्रीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो।

उक्त प्रारूप तयार गर्ने क्रममा बैंकले सात वटै प्रदेशका सरोकारवाला निकायका प्रतिनिधिसँग लक्षित समूहगत छलफल कार्यक्रम आयोजना गरेको थियो। यसै गरी, सरोकारवाला निकायसँग दुई चरणमा छलफल, युगाण्डा, फिलिपिन्स र अन्य केन्द्रीय बैंकसँग 'पियर लर्निङ' आयोजना गरेर समेत सुझाव लिइएको थियो।

# दीपावली र छठको अवसरमा शुभकामना आदानप्रदान




शुभ दीपावली, नेपाल संवत् र छठ पर्वका अवसरमा नेपाल राष्ट्र बैंकसम्बद्ध कर्मचारी सङ्गठनले बैंक परिसरमा छुट्टाछुट्टै शुभकामना आदानप्रदान कार्यक्रम आयोजना गरेका छन् ।

यस क्रममा नेपाल राष्ट्र बैंक कर्मचारी संघले कात्तिक २ गते शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न गर्‍यो । गभर्नर महाप्रसाद अधिकारीको प्रमुख आतिथ्यमा संघले उक्त कार्यक्रम आयोजना गरेको हो ।

सो अवसरमा गभर्नर अधिकारीले बैंकमा आबद्ध कर्मचारी युनियनहरू सिर्जनशील रहेको चर्चा गर्दै बैंकको संस्थागत विकास र निर्णय प्रक्रियामा युनियनबाट रचनात्मक सुझाव प्राप्त हुने गरेको अनुभव व्यक्त गर्नुभयो । सो अवसरमा डेपुटी गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिना र संघका पूर्व अध्यक्ष प्रेमप्रसाद पाण्डेयले शुभकामना मन्तव्य राख्नुभएको थियो ।

कार्यक्रममा संघका वरिष्ठ उपाध्यक्ष पदमराज जोशीले स्वागत मन्तव्य राख्नुभयो भने सचिव कृष्णप्रसाद खरालले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । संघका अध्यक्ष रुद्रप्रसाद तिम्सिनाको अध्यक्षतामा उक्त कार्यक्रम सम्पन्न भएको थियो ।

यसै गरी, नेपाल वित्तीय संस्था कर्मचारी संघ, नेपाल राष्ट्र बैंक समितिले कात्तिक १७ गते चियापान कार्यक्रम आयोजना गर्‍यो । कार्यक्रममा गभर्नर महाप्रसाद अधिकारीले बाह्य क्षेत्र व्यवस्थापन, तरलता व्यवस्थापन, ब्याजदरका सन्दर्भमा बैंकले अवलम्बन गरेका नीतिगत व्यवस्थाबारे चर्चा गर्नुभयो ।

संघका अध्यक्ष राजीव शर्मा रेग्मीको अध्यक्षतामा आयोजित कार्यक्रममा डेपुटी गभर्नरद्वय डा. नीलम ढुङ्गाना तिम्सिना र बमबहादुर मिश्र, राष्ट्रिय समिति अध्यक्ष पदमराज रेग्मीलगायतले शुभकामना मन्तव्य राख्नुभएको थियो ।

सो अवसरमा वरिष्ठ उपाध्यक्ष प्रशान्तवल्लभ पन्तले स्वागत मन्तव्य राख्नुभयो भने उपमहासचिव सञ्जीव बखेलले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।




यसै गरी, नेपाल राष्ट्रिय कर्मचारी सङ्गठनले कायममुकायम गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिनाको प्रमुख आतिथ्यमा कात्तिक २ गते एक कार्यक्रम आयोजना गर्‍यो । सो अवसरमा कायम मुकायम गभर्नर तिम्सिनाले शुभकामना मन्तव्य राख्नुभयो । कार्यक्रममा नेपाल राष्ट्रिय कर्मचारी महासंघका महासचिव प्रेम खनाल, नेपाल राष्ट्रिय कर्मचारी सङ्गठन, बैंक तथा वित्तीय संस्था राष्ट्रिय समितिका अध्यक्ष कृष्णहरि बुढाथोकी, नेपाल वित्तीय संस्था कर्मचारी संघ, राष्ट्र बैंक समितिका वरिष्ठ उपाध्यक्ष प्रशान्तवल्लभ पन्त, नेपाल राष्ट्रिय कर्मचारी सङ्गठन, राष्ट्र बैंक समितिका अध्यक्ष रेशमबहादुर बल्छौडीलगायतले शुभकामना मन्तव्य राख्नुभएको थियो ।

सो अवसरमा सङ्गठनका महासचिव कृष्ण केसीले स्वागत मन्तव्य राख्नुभयो भने सचिव हरिप्रसाद अर्यालले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।



# विराटनगर र पोखरा कार्यालयमा ज्ञान आदानप्रदान कार्यक्रम



विराटनगर


पोखरा

विराटनगर कार्यालयले असोज २७ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । सो कार्यक्रममा उप-निर्देशक मनोज गुरुङले 'Administrative Ethics' विषयमा वार्ता प्रस्तुत गर्नुभयो ।

वार्ताको क्रममा उहाँले प्रशासनिक सदाचारको अवधारणा, यसका आधारभूत विषय, सान्दर्भिकता र आवश्यकताबारे उल्लेख गर्दै नेपाल राष्ट्र बैंक ऐन र बैंकका विनियमावलीमा उल्लिखित नैतिकता र सदाचारका विषयवस्तुमाथि चर्चा गर्नुभयो । निर्देशक मीना पाण्डेको अध्यक्षतामा आयोजित कार्यक्रममा सम्पूर्ण कर्मचारीको सहभागिता रहेको थियो ।

यसै गरी, पोखरा कार्यालयले कात्तिक २२ गते 'गण्डकी प्रदेशमा कृषि कर्जाको उपयोग र प्रभावकारिता' विषयमा ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । पोखरा कार्यालयबाट अध्ययन सम्पन्न भई प्रकाशनको क्रममा रहेको उक्त अध्ययन प्रतिवेदनका विषयवस्तुमा केन्द्रित रहेर ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गरिएको हो । सो अवसरमा कार्यालयका प्रधान सहायक तारा पोखरेल शर्माले अध्ययनका पुख्य विषयवस्तुबारे जानकारी दिनुभएको थियो ।

गण्डकी प्रदेशका विभिन्न चार वटा जिल्लामा गरिएको स्थलगत सर्वेक्षणको आधारमा सम्पन्न गरिएको उक्त अध्ययनबाट कृषि कर्जा प्रभावकारी हुँदै गएको देखिएको छ । यद्यपि अध्ययनले कृषि कर्जा थप प्रभावकारी बनाउन सुधारका विभिन्न उपायहरू प्रस्तुत गरेको छ ।

कार्यक्रममा कार्यालयको सभाहलमा सम्पन्न उक्त कार्यक्रममा मुद्रा व्यवस्थापन विभागका कार्यकारी निर्देशक रेवतीप्रसाद नेपाल, पोखरा कार्यालयका निर्देशक डा. रामशरण खरेललगायत पोखरा कार्यालयका कर्मचारीहरूको उपस्थिति थियो ।

# सिद्धार्थनगरमा समसामयिक विषयमा अन्तरक्रिया

सिद्धार्थनगर कार्यालयले कात्तिक १८ गते समसामयिक बैंकिङ विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो । कार्यालयका निर्देशक रञ्जना पण्डित पौडेलको अध्यक्षतामा आयोजित कार्यक्रममा बैंक तथा वित्तीय संस्थाका प्रदेश प्रमुख र अन्य प्रतिनिधि गरी ४५ जनाको सहभागिता थियो ।

सो अवसरमा चालु पुँजी कर्जासम्बन्धी मार्गदर्शन, ओभरड्राफ्ट कर्जा, कर्जा असुलीका सम्बन्धमा आउने गुनासो, डिजिटल कारोबारको प्रवर्द्धनलगायतका विषयमा छलफल भएको थियो । कार्यक्रममा निर्देशक पौडेलले समापन मन्तव्य राख्दै नेपाल राष्ट्र बैंकबाट जारी भएका नीतिगत व्यवस्थाको पालना गर्न र द्विविधा रहेका विषयमा राष्ट्र बैंकसँग समन्वय गर्न सुझाव दिनुभयो ।



कार्यक्रममा सिद्धार्थनगर कार्यालयका उप-निर्देशक जीवनप्रकाश पाण्डेयले स्वागत मन्तव्य राख्नुभयो भने प्रधान सहायक कमलप्रसाद आचार्यले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# ससंस्थागत योजना विभागद्वारा ज्ञान आदान प्रदान कार्यक्रम आयोजना

संस्थागत योजनातथा जोखिम व्यवस्थापन विभागले असोज ३१ गते विभागका कर्मचारीहरूबीच ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो ।

सो अवसरमा विभागद्वारा तयार गरिएको 'Risk Management Policy, 2022'को मस्यौदा सम्बन्धमा प्रस्तुति तथा छलफल गरिएको थियो । कार्यक्रममा विभागका उप-निर्देशक समीर श्रेष्ठले Risk Management Policy, 2022 को मस्यौदामा समेटिएका महत्वपूर्ण विषयवस्तुबारे प्रकाश पार्नुभयो । मूलतः जोखिमको पहिचान, जोखिमको मापनका वस्तुगत विधितथा राष्ट्र बैंकको परिप्रेक्ष्यमा जोखिमबहन गर्न सक्ने क्षमताका विविधपक्षबारे सहभागीहरूबीच कार्यक्रममा छलफल भएको थियो ।



कार्यक्रममा कार्यकारी निर्देशक दयाराम शर्मा पंगेनीले केन्द्रीय बैंकमा जोखिम व्यवस्थापनको महत्वबारे प्रकाश पार्दै जोखिम व्यवस्थापन नीतिको आवश्यकताका सम्बन्धमा चर्चा गर्नुभयो । साथै, उहाँले सहभागीबाट प्राप्त हुने सुझाव र अन्तर्राष्ट्रिय मुद्रा कोषको प्राविधिक सहायता र सुझावसमेतको आधारमा जोखिम नीतिको मस्यौदालाई अन्तिम रूप दिन उपयुक्त हुने धारणा राख्नुभयो ।

सो अवसरमा विभागका निर्देशक हिमप्रसाद न्यौपानेले सहभागी कर्मचारीलाई स्वागत गर्दै कार्यक्रमको उद्देश्य तथा उपादेयताका सम्बन्धमा संक्षिप्त मन्तव्य राख्नुभयो भने उप-निर्देशक ईश्वरकुमार कटुवालले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# चलनचल्तीमा रहेको नगद र यसका विविध पक्षहरू



सिद्धराज भट्ट
उप-निर्देशक, नेपाल राष्ट्र बैंक

अर्थतन्त्रमा आर्थिक कारोबारको विस्तारबारे जानकारीका लागि चलनचल्तीमा रहेको नगद, आधार मुद्रा, कर्जा प्रवाहजस्ता सूचकहरूको उपयोग गरिन्छ। यस लेखमा चलनचल्तीमा रहेको नगदसम्बन्धी केही आम जिज्ञासाबारे चर्चा गरिएको छ।

चलनचल्तीमा रहेको नगद (Currency in Circulation-CIC) भन्नाले नेपाल राष्ट्र बैंकबाहिर रहेको नगदलाई बुझाउँछ। यस्तो नगदको ठूलो अंश बैंक तथा वित्तीय संस्थाबाहेकका अन्य संस्था, कम्पनी, व्यवसाय तथा सर्वसाधारणसँग रहेको हुन्छ भने बाँकी अंश बैंक तथा वित्तीय संस्थासँग रहेको हुन्छ। राष्ट्र बैंकको मुद्रा व्यवस्थापन विभागबाट जारी भएको नगद राष्ट्र बैंककै बैकिङ विभागमा रहेको छ भने उक्त रकम चलनचल्तीमा रहेको नगदभित्र समावेश हुँदैन। उदाहरणका लागि २०७९ असार मसान्तमा मुद्रा व्यवस्थापन विभागबाट जारी खुद नगद रु.६३४ अर्ब रहेको थियो जसमा बैंकिङ विभागसँग रु.२० अर्ब नगद रहेका कारण चलनचल्तीमा रहेको नगद रु.६१४ अर्ब थियो। यसमध्ये रु.१०८ अर्ब बैंक तथा वित्तीय संस्थासँग र बाँकी रु.५०६ अर्ब अन्य संघसंस्था तथा सर्वसाधारणसँग रहेको थियो।

## के चलनचल्तीमा रहेको नगद र आर्थिक गतिविधिबीच बलियो सम्बन्ध हुन्छ ?

सामान्यतया चलनचल्तीमा रहेको नगद वृद्धि हुँदा आर्थिक गतिविधिको विस्तार भएको/हुन सक्ने सङ्केतको रूपमा लिइन्छ। तथापि क्रयशक्तिको ठूलो अंश बैंक निक्षेपका रूपमा रहने र यस्तो मुद्रा बैंक तथा वित्तीय संस्थाले सिर्जना गर्ने तथा डिजिटल माध्यमबाट भुक्तानी हुन सक्ने भएकाले नगद वृद्धिका आधारमा मात्र आर्थिक गतिविधिबारे अनुमान गर्न गाह्रो हुन्छ। यसका लागि केन्द्रीय बैंक मुद्रा (Reserve Money) का साथसाथै बैंक तथा वित्तीय संस्थाले सिर्जना गर्ने मुद्रा (Bank Money/Bank Credit) लाई समेत हेर्नुपर्ने हुन्छ। त्यसै गरी विद्युतीय भुक्तानीमा भएको वृद्धिसँगै कम नगद आवश्यक पर्ने भएकाले नगदको माग घट्दै जाने प्रवृत्ति देखा पर्न सक्छ। चार्ट-१ मा देखाइएझैं पाकिस्तान, नेपाललगायतका विद्युतीय भुक्तानीको उपयोग कम रहेका मुलुकमा कुल मुद्राप्रदायमा चलनचल्तीमा रहेको नगदको हिस्सा १० प्रतिशतभन्दा माथि छ भने नर्वे, स्वीडेनलगायतका मुलुकमा त्यस्तो अनुपात तीन प्रतिशतभन्दा कम छ।

त्यसै गरी यदि अर्थतन्त्रमा उच्च आयातमार्फत आर्थिक गतिविधि विस्तार भइरहेको छ भने आर्थिक वृद्धि ठीकै हुदाँ पनि शोधनान्तर घाटाका कारण चलनचल्तीमा रहेको नगद भने घटेर जाने हुन्छ। हाल नेपालमा देखिएको मुख्य प्रवृत्ति यही हो। जस्तो गत आर्थिक वर्षमा चलनचल्तीमा रहेको नगद रु.५७ अर्बले घट्दा समेत ५.८४ प्रतिशत आर्थिक वृद्धि भई कुल गार्हस्थ्य उत्पादन करिब रु.५७४ अर्बले वृद्धि भएको थियो।

## चलनचल्तीमा रहेको नगद कसरी वृद्धि हुन्छ ?


चलनचल्तीमा रहेको नगद मुख्यतया दुई प्रकारले वृद्धि हुन सक्छ : पहिलो, बैंक तथा वित्तीय संस्थाले केन्द्रीय बैंकमा भएको आफ्नो रिजर्भ खाताबाट नगद निकालेका कारण वृद्धि हुन्छ। यस्तो नगद निक्षेप भुक्तानीमा उपयोग भयो भने यसले आर्थिक गतिविधि बढाउने सम्भावना रहन्छ। अर्कोतिर सरकारले खर्च गरेका कारण, विप्रेषण लगायतबाट प्राप्त विदेशी विनिमय बैंक तथा वित्तीय संस्थाले राष्ट्र बैंकलाई बिक्री गरेका कारण, राष्ट्र बैंकले विभिन्न निकायलाई प्रदान गरेको कर्जामा वृद्धि भएका कारण र वैदेशिक लगानी तथा ऋण प्राप्त भएका कारणसमेत यस्तो नगदमा वृद्धि हुन जान्छ। उदाहरणका लागि कोभिडपश्चात् नेपाल राष्ट्र बैंकले पुनरकर्जा दिएको र आयातमा कमी आई शोधनान्तर बचतमा रहेका कारण चलनचल्तीमा रहेको नगदमा वृद्धि भएर २०७८ कात्तिकमा रु.७२७ अर्बसम्म पुगेको थियो। जब कि गत वर्ष बाह्य क्षेत्रमा भएको घाटामा यस्तो नगद करिब रु.५७ अर्बले घट्न गएको थियो। यसका अलावा केन्द्रीय बैंकले अनिवार्य नगद अनुपातलगायतका उपकरणमा परिवर्तन गरेअनुरूप चलनचल्तीमा रहेको नगदमा परिवर्तन हुन जान्छ।

## के राष्ट्र बैंकले भनेजति नगद चलनचल्तीमा रहेको हुन्छ ?

राष्ट्र बैंकबाट बाहिर गएको र भित्र फर्केको नगदका आधारमा चलनचल्तीमा रहेको नगद दैनिक रूपमा गणना गर्दछ। बाहिर गएको नगद यदि जलेर, बाढीले बगाएर, हराएर वा अन्य तरिकाले पूर्ण रूपमा नष्ट भएर गयो भने त्यस्तो नगद राष्ट्र बैंकको आँकडामा चलनचल्तीमा रहेको नगदभित्रै समावेश हुन सक्छ। तसर्थ बजारमा उपलब्ध नगद बैंकले भनेभन्दा केही कम पनि हुन सक्छ।

## बजारबाट नगद हराउने भन्ने तर्क के हो ?

कुनै पनि मुलुकमा चलनचल्तीमा रहेको नगद कुनकुन व्यक्तिको हातमा कति छ भन्ने कुरा केन्द्रीय बैंकलाई थाहा हुँदैन। यसलाई नगदको



चार्ट १: चलनचल्तीमा रहेको नगदको मुद्राप्रदायसँगको अनुपात (प्रतिशतमा)

anonymity विशेषता भनिन्छ। तसर्थ नगद कृषि उत्पादनबाट जग्गा व्यापारमा जाँदा वा कुनै गैरकानुनी काममा मुलुकभित्रै उपयोग हुँदा चलनचल्तीमा रहेको नगदमा कमी आएको वा नगद हराएको भने भन्न सकिँदैन। तथापि त्यसरी अनौपचारिक क्षेत्रमा नगद गएर बस्दा वित्तीय प्रणालीमा नगद कम फर्किने भएकाले निक्षेप परिचालन तथा कर्जा प्रवाहमा भने प्रभाव पर्दछ। पछिल्लो समयमा मुख्य रूपमा आयातमार्फत विदेशी मुद्रा बाहिरिँदा नेपाली नगद राष्ट्र बैंकमा फर्किएकाले चलनचल्तीमा रहेको नगदमा कमी आएको हो। तसर्थ पछिल्लो समय बजारबाट नगद हराएको भनेको आयातमार्फत बाहिरिएर हो।

### के नगद बैंकमा धेरै रहनु राम्रो हो ?

चलनचल्तीमा रहको नगदको ठूलो अंश सबैजसो मुलुकमा बैंकबाहिर नै रहने हो। बैंकले त केही प्रतिशत नगद ग्राहकलाई नगद भुक्तानी दिनका लागि मात्रै राख्ने गर्दछ। जस्तै नेपालमा समेत रु.१० लाखभन्दा बढीको चेक नगदमा भुक्तानी गर्न नपाइने भएकाले बैंकले आफ्नो ढुकुटीमा अर्बौं नगद राख्दैनन्। झन् RTGS, IPS जस्ता डिजिटल भुक्तानी माध्यमले त बैंकहरूको नगद मागमा ठूलो कमी ल्याएका छन्। उदाहरणका लागि २०७५ सालमा बैंक तथा वित्तीय संस्थाको निक्षेप रु.३,१०० अर्ब रहेकोमा बैंकसँग भएको नगद रु.८० अर्बको हाराहारीमा रहने गर्दथ्यो भने हाल निक्षेप करिब रु.५,१०० अर्ब पुग्दासमेत बैंकहरूले राख्ने नगद रु.११९ अर्ब जति मात्र रहेको छ। अन्य मुलुकमा पनि बैंक तथा वित्तीय संस्थाले कुल निक्षेपको २-३ प्रतिशत रकम नगदको रूपमा राख्ने गरेका छन्।

यसो भन्दैमा नगद सर्वसाधारणको हातमा बसिराख्नु राम्रो चाहिँ होइन। नगद सर्वसाधारणबाट बैंक अनि बैंकबाट सर्वसाधारणको हातमा जाने क्रम चलिरहनुपर्दछ। यो दर जति तीव्र भयो अर्थतन्त्रमा मुद्रा प्रदाय त्यति नै बढी सिर्जना हुन्छ र थोरै नगदले पनि धेरै आर्थिक कारोबारहरू सम्पन्न गर्न सकिन्छ। मुलुकमा हाल करिब रु.६५० अर्ब मात्रै नगद चलनचल्तीमा रहेकोमा बैंकको उपस्थितिले करिब रु.५,५०० अर्बबराबरको मुद्रा प्रदाय सिर्जना भएको छ। अर्थतन्त्रको औपचारिकीकरण हुँदै जाँदा तथा बैंकिङ बानीको विकास हुँदै जाँदा यस्तो नगद बैंक तथा वित्तीय संस्थामा फर्किने दरमा वृद्धि भई तरलता, निक्षेप, कर्जा, मुद्राप्रदाय विस्तार तथा आर्थिक गतिविधिको विस्तारलाई थप सहयोग पुऱ्याउने हुन्छ।

### के दसैँमा साटिने पैसाले चलनचल्तीमा रहेको नगदमा वृद्धि गर्छ ?

**तालिका १ : सर्वसाधारण तथा बैंकसँग रहको नगद (कुल निक्षेपको प्रतिशतमा)**

| देश | सर्वसाधारणसाग भएको नगद | बैंकसाग भएको नगद | चलनचल्तीमा रहेको नगद |
|---|---|---|---|
| बङ्गलादेश | १६.१ | १.४ | १७.५ |
| भुटान | ६.३ | २.५ | ८.८ |
| नेपाल | ११.१ | २.0 | १३.१ |
| पाकिस्तान | ४0.६ | २.५ | ४३.१ |
| श्रीलङ्का | ५.२ | २.१ | ७.३ |

*स्रोत : अन्तर्राष्ट्रिय मुद्रा कोष*

सामान्यतया दसैँमा साटिने पैसाले चलनचल्तीमा रहेको नगदमा वृद्धि गर्दैन। किनकि मुद्रा व्यवस्थापन विभागले सर्वसाधारणबाट जति नगद लिन्छ त्यति नै नयाँ नगद दिने गर्दछ। बैंक तथा वित्तीय संस्थाले सर्वसाधारणलाई नयाँ नोट साट्ने उद्देश्यका लागि निक्षेप भुक्तानी गर्न आफूसँग भएको नगद दिएमा वा ग्राहकसँग नगद लिई नयाँ नगद दिए भने पनि यसले केही फरक पार्दैन। तर नगद व्यवस्थापनका लागि बैंक तथा वित्तीय संस्थाले राष्ट्र बैंकमा रहेको आफ्नो निक्षेप खाताबाट पैसा उपयोग गरी वा नेपाल राष्ट्र बैंकबाट सापटी लिई नयाँ नगद आफू लिए वा ग्राहकलाई दिए भने चाहिँ यस्तो नगदमा वृद्धि हुन्छ।

### के डिमोनिटाइजेसनले चलनचल्तीमा रहेको नगदमा वृद्धि गर्दछ ?

डिमोनिटाइजेसनले तत्कालका लागि चलनचल्तीमा रहेको नगदमा वृद्धि गर्न सक्दैन। गैरकानुनी रूपमा कमाएको पैसा वा कालो धनको केही अंश बैंकिङ प्रणालीमा नयाँ नोटसँग साटिनका लागि नफर्किने सम्भावना रहने भएकाले यसले तत्कालका लागि नगदमा झनै कमी ल्याउन सक्छ। यद्यपि मध्यम तथा दीर्घकालमा यसले गैरकानुनी काममा नगद कारोबार हतोत्साहित गरी कालो धन थुपार्न निरुत्साहित गर्ने तथा अनौपचारिक क्षेत्रमा नगद कारोबार निरुत्साहित गरी रकम बैंकिङ प्रणालीमा फर्काउने तथा डिजिटल कारोबारलाई प्रोत्साहन गर्ने भएकाले नगद, तरलता, निक्षेप परिचालन तथा कर्जा प्रवाह सहज बनाई आर्थिक गतिविधिलाई टेवा दिने हुन्छ।

### यो चुनावमा किन नगदमा वृद्धि भएन ?

सामान्यतया चुनावका बेला सरकारी खर्च वृद्धि हुने, उम्मेदवारले प्रचारप्रसारलगायतका कामको लागि खर्च गर्ने भएकाले चलनचल्तीमा भएको नगद बढ्छ भन्ने अपेक्षा हुन्छ। मङ्सिर ४ को चुनावभन्दा एक महिना अघिदेखिको तथ्याङ्क हेर्दा यस्तो नगद उल्टो रु.आठ अर्बले घट्न गएको देखिन्छ। यसका पछाडि तलका कारण मुख्य रूपमा जिम्मेवार हुन सक्छन् :

(क) प्रचार प्रसार सोसल मिडियामा पनि गरिएकाले त्यसको भुक्तानी डिजिटल माध्यमबाट भयो। जसले गर्दा नगदको आवश्यकता परेन। झन् डलर कार्डबाट खर्च गरी भएका प्रचारहरूको भुक्तानी डलरमा हुने भएकाले नेपाली नगदको आवश्यकता परेन।

(ख) मुलुकमा हाल मासिक रूपमा करिब चार करोड वटा कारोबारमार्फत करिब रु.४,००० अर्ब डिजिटल रूपमा भुक्तानी हुने गरेको छ। निर्वाचनमा गरिएका धेरैजसो सरकारी खर्च तथा उम्मेदवारका खर्चहरू डिजिटल रूपमा भुक्तानी भएकाले आर्थिक गतिविधिको विस्तार भए तापनि नगदको मागमा खासै वृद्धि भएन।

(ग) आफूसँग सङ्ग्रह गरेर राखिएको नगद खर्च गर्दा वा सहकारीलगायतका संस्थासँग भएको नगद रकम झिकेर खर्च गर्दा आर्थिक गतिविधि विस्तार भए तापनि त्यसले चलनचल्तीमा रहेको नगदमा खासै फरक पारेन।

### निष्कर्ष

सामान्यतया चलनचल्तीमा रहने नगदलाई आर्थिक विस्तारसँग जोडेर हेर्ने गरिए तापनि यसको सम्बन्ध त्यति बलियो भने देखिँदैन। यसका पछाडि अर्थतन्त्रमा बढ्दै गएको बैंकिङ पहुँच, डिजिटल भुक्तानी, शोधनान्तर स्थिति तथा राष्ट्र बैंकको विभिन्न नीतिगत व्यवस्थाहरू रहेका छन्। डिजिटल भुक्तानीको वृद्धिसँगै यस्तो नगदको माग विस्तारै घट्दै जाने भएकाले आर्थिक गतिविधिको मापन सूचकका रूपमा यसको उपयोग कम विश्वसनीय हुने देखिन्छ।

# जनकपुरमा बैंक तथा वित्तीय संस्थासँग अन्तरक्रिया



जनकपुर कार्यालयले कात्तिक २९ गते समसामयिक आर्थिक तथा बैंकिङ विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो। कार्यालयका निर्देशक नीरा ताल्वाभडेलको अध्यक्षतामा आयोजित कार्यक्रममा जनकपुरस्थित बैंक तथा वित्तीय संस्थार उद्योग वाणिज्य संघ, जनकपुर प्रतिनिधिको सहभागिता थियो।

सो अवसरमा जनकपुर कार्यालयका सहायक निर्देशक राधेश्याम साहले कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्दै कर्जाको व्याजदर, सहुलियतपूर्ण कर्जाको स्थिति, कर्जाका विद्यमान प्रकृति, तरलताको अवस्था, कर्जा असुलीको अवस्था, कर्जा विस्तारको स्थिति,चालु पुँजी कर्जा सम्बन्धी मार्गदर्शनको अवस्थाबारे जानकारी दिनुभयो। सहभागीहरूबीच सोही विषयमा छलफल भएको थियो।

सो अवसरमा उप-निर्देशक सुजन खनालले छलफलमा उठेका विषयवस्तुबारे स्पष्ट पार्दै समस्या समाधान गर्ने उपायबारे धारणा राख्नुभएको थियो। सहायक सन्तोषकुमार तामाङले उक्त कार्यक्रम सञ्चालन गर्नुभएको थियो।

## अवकाश

जनकपुर कार्यालयका उप-निर्देशक रामविलास महतो र मुद्रा व्यवस्थापन विभागका उप-निर्देशक यज्ञप्रसाद पाण्डेले बैंक सेवाबाट अवकाश पाउनुभएको छ। उहाँहरूले क्रमशः २०७९ कात्तिक ८ र १२ गतेदेखि अवकाश पाउनुभएको हो। उहाँहरू दुवैले ५८ वर्ष उमेरहदका कारण अवकाश पाउनुभएको जानकारी जनशक्ति व्यवस्थापन विभागले दिएको छ। यसैबीच, कानुन महाशाखाका उप-निर्देशक रेशमराज रेग्मीले कात्तिक १६ गते राजीनामा दिई बैंक सेवाबाट अवकाश लिनुभएको छ।

*नेपाल राष्ट्र बैंक समाचार* उहाँहरू सबैलाई सुखद अवकाश जीवनको हार्दिक शुभकामना व्यक्त गर्दछ।

*प्रकाशक*

**नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय**

सूचना तथा सञ्चार समन्वय महाशाखा

बालुवाटार, काठमाडौं, फोन : ४४१९८०४, Ext .: १३९/१४०

इमेल : samachar@nrb.org.np,

वेबसाइट : www.nrb.org.np

*सम्पादक*

**डा. भागवत आचार्य**

*सम्पादन सहयोगी*

विद्या अधिकारी

लालकुमार सुवेदी

नवीना ताम्राकार